
# पाप, खराब तत्त्व तथा दुष्टताको समस्या



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *अय्यूब ३०:२६; मत्ती २७:४६; अय्यूब ३८:१-१२; भजनसंग्रह ७३; उत्पत्ति २:१६, १७; प्रकाश २१:३, ४।*

**याद गर्नुपर्ने पद: "उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।"** *(प्रकाश २१:४)*।

इसाई धर्मले सामना गर्ने सबभन्दा ठूलो समस्या नै यस संसारमा भइरहेका खराब, भ्रष्ट र पापको समस्यालाई कसरी सम्बोधन गर्ने भन्ने रहिरहेको छ। परमेश्वर पूर्ण रूपमा सिद्ध, असल र भलो हुनुहुन्छ। उहाँ यस संसार र जगत्का अधिपति हुनुहुन्छ। तैपनि यस संसारमा खराब तत्त्वहरूको बिगबिगी उहाँले किन चल्न दिनुभयो? यस प्रश्नले कसलाई पिरोलेको छैन र? संक्षिप्तमा भन्ने हो भने यदि परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ र सबैको सर्वोच्च हित चाहनुहुन्छ भने उहाँले यस संसारमा धेरै खराब तत्त्वहरूलाई रहन किन दिनुभयो?

यो केवल स्कुलहरूमा छलफल गर्ने समस्या मात्र होइन। यस प्रश्नले धेरै मानिसहरूलाई गहिरो रूपमा दुःख दिइरहेको छ। यही प्रश्नले गर्दा कतिपय मानिसहरू परमेश्वरको बारेमा सुन्न पनि चाहँदैनन् र उहाँलाई प्रेम गर्ने त परै होस्।

"धेरै चिन्तक र बुद्धिजीवीहरू पापको सुरुवात र त्यसको अस्तित्वको कारण सोच्दा-सोच्दा हैरान भएका छन्। तिनीहरू धेरै अलमलमा परेका छन्। ती सबै खराबहरू दुष्टताको कारण हो भनेर तिनीहरूले स्वीकार्दछन्। ती खराब तत्त्वहरूले गर्दा यस

संसारमा मानिसहरूले आतङ्क, दुःख, कष्ट र भयानक नतिजाहरू भोगिरहेका छन्। असिमित बुद्धि, ज्ञान, शक्ति र प्रेम हुने सार्वभौम परमेश्वरले ती तत्त्वहरू किन र कसरी आउन दिनुभयो भनेर तिनीहरूले सोध्छन्। यो जिज्ञासा रहस्यमय नै छ। त्यसको निम्ति संसारका बुद्धिजीवीहरूले व्याख्या गर्न असमर्थ छन्।"–एलेन जी. ह्वाइट, द *ग्रेत कन्त्रोभर्सी*, पृ. ४९२।

त्यही पाप, अधर्म, दुष्टताको कारणले आफूहरू नास्तिक भएको धेरै नास्तिकहरूले बताउँछन्। यस पतित संसारमा खराब तत्त्वहरूको बिगबिगीले ताण्डव मच्चाए तापनि बाइबलको परमेश्वर पूरै असल हुनुहुन्छ र उहाँमाथि हामी भरोसा राख्न सक्छौं भनेर यस अध्याय र आउने अध्यायहरूमा अध्ययन गर्नेछौं।

# "हे प्रभु, कहिलेसम्म?"

दुष्ट, खराब तत्त्वको समस्याले यस पृथ्वी किन धाकिरहेको छ भन्ने बुलन्द आवाज विगत र अहिलेका बुद्धिजीवी र चिन्तकहरूले मात्र उठाइरहेका छैनन्, बाइबलका पात्रहरूले पनि उठाएका थिए।

पढ्नुहोस्: **मानव अनुभवमा खराब वा दुष्ट तत्त्वहरूका समस्यालाई बाइबलका हस्ती जनहरूले पनि सम्बोधन गरेका देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्, अय्यूब ३०:२५-२७; यर्मिया १२:१-४; यर्मिया १३:२२; मलाकी 2:17; र भजनसंग्रह १०:१-११।**

________________________________________

________________________________________

माथिका पदहरूले वर्तमान युगमा रहेका मानिसहरूको दिमागमा पनि धेरै प्रश्नहरू उब्जाउँछ। दुष्ट, हत्यारा, भ्रष्ट, फताहा र दादागिरी गर्नेहरूको फलिफाप किन हुन्छ? तिनीहरूका दुष्ट कामहरूले तिनीहरूलाई किन फाइदा दिइरहेका छन्? जहिले पनि तिनीहरूले फाइदा नउठाए तापनि प्रायः जसो तिनीहरूको भलो नै भइरहेको देखिन्छ। अनि धर्मीहरू वा येशूलाई विश्वास गर्नेहरू नै किन धेरै दुःख पाउँछन्? उहाँका भक्तहरू होस् वा अनजान मानिसहरू होस्, तिनीहरू दुःख,कष्ट र सतावट भोग्नुपर्दा परमेश्वर कहाँ हुनुहुन्छ? कतिपय समयमा परमेश्वर हामीबाट धेरै धेरै टाढा हुनुभएको हामी किन महसुस गर्छौं वा उहाँ त लुकि नै रहनुभएको छ कि?

ती प्रश्नहरू हाम्रो मनमा जति उब्जे तापनि वा हाम्रा वरिपरि दुष्ट र खराब तत्त्वहरूको बिगबिगी हामीले हेरिरहनुपर्दा खराब वा दुष्ट तत्त्वहरू *चानचुने वा मामुली हुन् भनेर हामीले कहिले पनि ठान्नुहुन्न*। यस संसारमा भइरहेका जतिसुकै खराब वा दुष्टताको ज्यादतिको समस्यालाई यस्तै हो भनेर हल्कारूपमा हामीले लिनुहुन्न। पाप र दुष्टता धेरै खराब छन्, र हामीले भन्दा परमेश्वरले त्यसलाई धेरै घृणा गर्नुहुन्छ। त्यसकारण यस संसारमा भएका अन्याय, अत्याचार, आतङ्कजस्ता धेरै खराबहरूको बारेमा "कति समयसम्म, हे प्रभु?" भन्ने बाइबलभरि चित्याइरहेको आवाजमा हामी पनि साथ दिइरहनु जरुरी छ।

पढ्नुहोस्: **येशूले व्यक्त गर्नुभएको मत्ती २७:४६ पदलाई पढ्नुहोस्। तपाईंले यसलाई कसरी बुझ्नुहुन्छ? खराबले परमेश्वरलाई कतिसम्मको प्रभाव पारेर उहाँ ढलमलिनुभएको थियो भनेर त्यसले कसरी बताउँछ?**

क्रूसमा येशू आफै पीडा भोग्नुभएको बेलामा यो प्रश्नको आवाज उठाउनुभएको थियो, "हे मेरा परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुयो?" *(मत्ती २७:४६)*। यहाँ परमेश्वर आफै पाप र दुष्टताले प्रभावित पारिनुभएको हामी महसुस गर्छौं। येशू ख्रीष्टले महाकष्ट पाउनुहुँदा र क्रूसमा मर्नुहुँदा र संसारका सबै दुष्ट र खराब तत्त्वहरू उहाँमाथि बज्रिन्दा ती तत्त्वहरूको ज्यादति कस्तो रहेछ भनेर प्रभावकारी र मर्माहत रूपमा व्यक्त गरिएको अचम्मको सत्यलाई हामीले के भन्ने?

तर यहाँ पनि आशा छ। येशूले क्रूसमा जे गर्नुभयो त्यसले खराब वा पापको स्रोत शैतानलाई हराएको थियो। त्यो समय आउन बाँकी नै छ जब शैतान र उसका ज्यादतीहरूलाई अन्तमा सखाप नै पार्नेछ। येशूले ती शब्दहरू भजनसंग्रह २२:१बाट नै उतार्नुभएको थियो। तर भजन २२को अन्तिम अंशहरू विजयको ध्वनी फुकेर अन्त्य गरिएको छ।

**मानव हुनुभएको येशूले देख्न नसक्नुभएको आशालाई येशूले अगाडि हेरिरहनुभएको थियो। उहाँको त्यस अनुभवबाट हामीले कसरी सान्त्वना पाउन सक्छौं? अहिले पनि सबै थोक अँध्यारो देखिए तापनि अन्तमा गएर उज्यालो नै हुनेछ भनेर हामी कसरी यकिन हुने?**

# "यस संसारमा धेरै थोकहरू छन् जुन हामीलाई थाहा छैन"

यस संसारको इतिहास पाप वा खराब तत्त्वमाथि विजय पाएर विजय उल्लाससाथ समाप्त हुनेछ। तर अहिले हाम्रो सामु हाम्रो दिमागलाई नै खलबल पार्ने धेरै प्रश्नहरू त यथावत् नै छन्। दुःख र कष्टको समस्याको चर्चा गर्दा हामी कसरी गर्न सक्छौं जसले गर्दा हाम्रो मनलाई हलुका पारिन्छ?

पढ्नुहोस्: **अय्यूबले शैतानको हातबाट यातना र महाकष्ट पाएको अय्यूबको पुस्तकमा पढ्छौं। उनी र उनका साथीहरूले दुष्टताप्रति धेरै आर्तनाद गरेका थिए। खराबको समस्यालाई परमेश्वरले कसरी सम्बोधन गर्नुभएको थियो? हाम्रो जीवनको पर्दा पछाडि के भइरहेको छ सो हामीमध्ये कसलाई थाहा छ र? अय्यूब ३८:१-१२ पढ्नुहोस्।**

________________________________________

________________________________________

अय्यूबले महाकष्ट भोग्नुपरेकोले ती दुःख, पीडा र खराबहरू आफूमाथि किन आइपुग्यो वा उनमाथि खनियो भन्ने मार्मिक आवाज उनले उठाएको उनको कथाले चित्रण गर्दछ। आफूमा भएका अनेकौँ प्रश्नहरूको जवाफ पाउन उनले परमेश्वरसँगको दर्शन खोज्दछन्। उनको जीवनको पर्दा पछाडि स्वर्गमा के भइरहेको थियो भन्ने ज्ञान उनमा थिएन *(अय्यूब १ र २)*।

परमेश्वरले दिनुभएका अय्यूबका प्रश्नहरूका जवाफ उल्लेखनीय छ। विशेष गरेर उहाँले जुन तरिका अपनाएर जवाफ दिनुभयो, त्यो रोचक नै मान्नुपर्दछ। भुमरीबाट नै आवाज निकाल्नुभएर उहाँले अय्यूबलाई नै यसरी सोध्नुभयो, "यो को हो जसले मूर्ख कुराहरू गरेर मेरो सल्लाहलाई धमिल्याउन खोज्छ?" *(अय्यूब ३८:१, २)*। यस वचनलाई यसरी पनि अनुवाद गरिएको छ, "होइन, तिमीले धेरै कुरा किन गरेको? तिमीलाई त थोरै मात्र थाहा छ।" *(अय्यूब ३८:२)*। अनि अय्यूब ३८:४मा परमेश्वरले थप्नुहुन्छ, "मैले पृथ्वीका जग बसाल्दा तिमी कहाँ थियौ? तिमीमा समझदारी छ भने मलाई भन।"

**पढ्नुहोस्: हाम्रो आफ्नै अवस्थाको विषयमा हाम्रो मनस्थिति कस्तो हुनुपर्छ भनेर अय्यूबको जवाफले कसरी बुझाउँदछ? अय्यूब ४२:२ पढ्नुहोस्।**

अय्यूबलाई परमेश्‍वरले दिनुभएको जवाफमा हामी यो पाउँछौं कि अय्यूबलाई धेरै थोकहरू थाहा छैन न बुझेका छन् भनेर उहाँले स्पष्ट पार्नुभएको थियो। अय्यूबले जस्तै हामीले पनि नम्र भएर यो महसुस गर्नु आवश्यक छ कि यस संसारमा धेरै थोकहरू भइरहेका छन् र यस संसारको पर्दा पछाडि धेरै थोकहरू भइरहेका छन् जुन हामीलाई केही पनि थाहा छैन। हाम्रा प्रश्न वा जिज्ञासाका जवाफहरू अहिले हामीले नपाए तापनि तिनीहरूको जवाफ असलै हुँदैन वा एक दिन सबै समस्याहरूको समाधान हुनेछैन भन्ने छैन। त्यस समयसम्म हामीले हामीप्रति परमेश्‍वरको हितमाथि भरोसा गर्नैपर्छ। उहाँले उहाँका विभिन्न कामहरूले हामीप्रति उहाँको हितलाई त प्रकट नै गरिरहनुभएको छ।

**कुनै थोकको अल्पज्ञानको बारेमा सोच्नुहोस्। अहिले नै जवाफ नपाएका दुःख, कष्ट किन भयो भन्ने प्रश्नहरूसँग हामी किन बाँच्न सिक्नुपर्छ?**

# संदेह वा शङ्का गर्ने ईश्वारवादी

परमेश्वरले यशैया ५५:८, ९मा यो घोषणा गर्नुभएको छ: "'किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्,' परमप्रभु भन्नुहुन्छ। जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।"

परमेश्वरका सोच र विचारहरू हाम्राभन्दा धेरै उच्च छन् वा अपार छन्। इतिहासमा परमेश्वरको योजनाका जटिलताहरूलाई हामीले कल्पना पनि गर्न सक्दैनौं। यसलाई हामीले सोचेर नै विभिन्न परिस्थितिहरूमा परमेश्वरले के गर्नुहुन्छ वा गर्नुहुन्न भनेर चिन्ता गर्ने अभिभारा हामीले किन लिने?

पाप र खराब तत्त्वहरूको बारेमा हामीलाई थोरै मात्र थाहा भएको समस्याको समाधान खोज्न हामी सन्देह गर्ने ईश्वरवादी हुनुपर्दछ। त्यस व्यक्तिले परमेश्वरलाई विश्वास गर्छन्; उहाँले के गर्नुहुन्छ त्यसका असल कारणहरू उहाँलाई नै थाहा छ भनेर ढुक्क हुन्छ। त्यसकारण हामीमा सिमित ज्ञान भएकै कारणले जे भइरहेको छ त्यसको सुर्ता लिनुपर्ने कारणहरू छैनन्। सन्देह गर्ने ईस्वरवादीले पाप र खराबको बारेमा परमेश्वरले गर्नुहुने मामिलामा पूरै थाहा हुने मानव क्षमता छैन भनेर महसुस गर्दछन्। कति कुराहरू हामी देख्दैनौं तैपनि विश्वास गर्नुपर्नेहुन्छ। हाम्रा वरिपरिका हावामा विभिन्न किटाणुहरू फैलिरहेका हुन्छन्। तर तिनीहरूलाई देखेन भन्दैमा तिनीहरूको अस्तित्वलाई हामीले नकार्न सक्दैनौं। परमेश्वरले चाल्नुभएका चालहरू हामीलाई थाहा नभए तापनि ती चालका कारणहरू असल छन् भनेर हामीले अस्वीकार गर्नुहुन्न।

पढ्नुहोस्: **भजनसंग्रह ७३ पढ्नुहोस्। भजनसंग्रहका लेखकका वरिपरि भइरहेका दुष्ट, खराब, अन्याय र अत्याचारलाई उनले कसरी हेर्दछन्? उनले के देखेका छन् जसले गर्दा उनको दृष्टिकोणमा प्रभाव पर्दछ?**

यस संसारमा भइरहेका खराब र दुष्टताका गतिविधिहरू देखेर भजनसंग्रहका लेखक अत्यन्तै विचलित भएका थिए। उनले आफ्ना वरिपरि हेरेर कतिपय दुष्ट मानिसहरू

एकदम फलिफाप भइरहेको उनले हेर्न वाध्य भएका थियो। सबै थोक अनुचित र अन्याय भइरहेको उनले देखेका थिए। ती किन भए, त्यसको जवाफ उनीसँग थिएन। परमेश्वरलाई विश्वास गर्नु र उहाँको सेवा गर्नु केही मतलब छ कि भन्ने सोचमा पनि उनी पुगेका थिए। जब उनले पवित्रस्थानमा हेर्न पाए तब कतिपय कुराहरू स्पष्ट भएको उनले महसुस गरे।

पवित्रस्थान वा परमेश्वरको आराधना गर्ने स्थानमा दुष्टहरूको समस्याको समधानको बारेमा उनले केही जानकारी पाएका थिए। धार्मिक न्यायकर्ताले एकदिन सबै थोक उहाँको समयमा न्याय गर्नुहुनेछ भनेर उनले महसुस गरेका थिए।

**सेभेन्थ-डे एडभेन्टिस्टहरूले जानेका पवित्र स्थानको शिक्षाले दुष्ट र खराबको समस्यालाई केही हदमा कसरी बुझाउन सकेको हुन्छ? हामीमा धेरै प्रश्नहरू भए तापनि परमेश्वरको धार्मिक न्यायले अन्तमा सबै थोकलाई ठेगानामा लगाइदिनेछ भन्ने विद्या के पवित्रस्थानको शिक्षाले हामीलाई बुझाउन सहयोग हुन्छ र?**

# स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रताको पक्षमा

हुन त परमेश्वरका चाल र सोचहरूको बारेमा हामीले कत्ति बुझ्न सक्दैनौं, तैपनि खराब र दुष्टताको समस्याको बारेमा गरिएको सम्बोधनलाई बाइबलमा प्रकट गरिएको केही कुराहरूले हामीलाई बुझ्न सहायता त गर्छ। मानिसको स्वविवेक वा आत्मनिर्णयको पक्षमा परमेश्वर हुनुहुन्छ भन्ने धारणाले पाप, अधर्म र खराब किन भयो भन्ने समस्यालाई केही हदमा तर्कयुक्त तरिकाले बुझाउन खोज्दछ।

स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रतालाई नै परमेश्वरले सृष्टि गर्नुभएको जीवले दुरुपयोग गरेको थियो। त्यसले गर्दा खराबीको निम्ति परमेश्वरको दोष छैन भनेर हामी मान्न सक्दछौं। परमेश्वरले असलको निम्ति दिनुभएको स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रतालाई मानव प्राणी वा जीवहरूले नै दुरुपयोग गर्दा खराब तत्त्वहरूको बिगबिगी चलेको छ। तर परमेश्वरले मानिस वा उहाँका जीवहरूलाई स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रता नै दिनुभएर किन सृष्टि गर्नुभएको होला? यसबारे एक समयमा नास्तिक तर बाइबल अध्ययनपछि येशूलाई विश्वास गर्ने बिलायतको नामुद साहित्यकार सी. एस. लिविसले यसरी आफ्नो मन्तव्य व्यक्त गर्दछन्: "स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रता दिएर जीवलाई सृष्टि गर्दा त्यो जीव खराब हुने सम्भव त थियो नै। तर जीवमा हुनुपर्ने प्रेम र आनन्द पनि त्यस स्वतन्त्रता दिएर सृष्टि गर्दा सम्भव थियो। वर्तमान समयमा स्वचालित यन्त्र वा स्वचालित मानव मशिनको आविष्कार भइरहेको छ। तर परमेश्वरको निम्ति स्वचालित मानव सृष्टि गर्नुको अर्थ केही हुँदैनथ्यो न त सृष्टिको मूल्य नै हुन्थ्यो। उहाँका उच्च जीवहरूको सुखको निम्ति परमेश्वरले सृष्टि गर्नुभएको जीवमा आत्मनिर्णय वा स्वविवेक प्रयोग गर्ने स्वतन्त्रताको आवश्यक थियो। किनकि यही स्वतन्त्रतालाई उपभोग गरेर स्वेच्छाले उहाँसँग र अरूहरूसँग मिल्न सक्थ्यो। कठपुतलीले होइन दिमाग भएकोले मात्र प्रेम के हो भनेर बुझ्दछ। त्यसैकारण, उहाँले उहाँका जीवहरूलाई आत्मनिर्णय वा स्वविवेकको अधिकारले सुसम्पन्न गर्नुभएर सृष्टि गर्नु अनिवार्य थियो।"–*मिर क्रिश्चियानिटी* (न्यु योर्क: माकमिलन, १९६०), पृ. ५२।

पढ्नुहोस्: **आदम र हव्वालाई नैतिक स्वतन्त्रता दिएर सृष्टि गरिएका थिए भनेर देहायका पदहरूमा कसरी बताएको छ? उत्पत्ति २:१५-१७ पढ्नुहोस्।**

यदि आदम र हव्वालाई स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रता दिएर सृष्टि नगरिएका भए, के फल खानु वा नखानु भन्ने रोज्न किन परमेश्वरले आदेश दिनुभयो? तर आफ्नो रोज्ने स्वतन्त्रतालाई दुरुपयोग गरेर आदम र हव्वाले निषेधित फल खाए, अनि त्यसै समयदेखि पाप, खराब तत्त्व र दुष्टताको बादलले हाम्रो पृथ्वी ग्रहलाई छोपिरहेको छ। मानव पतनको घटना उल्लेख गरिएको अध्यायपछिको अर्को अध्यायमा अर्थात् उत्पत्ति ४ अध्यायमा मानव पतनको भयानक नतिजाको वृत्तान्त उल्लेख गरिएको छ। आफ्नै दाजुले हाबिललाई हत्या गरेको बीभत्स घटना आदम र हव्वाले भोग्नुपरेको थियो। आदम र हव्वाले पाएको आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रतालाई दुरुपयोग गरेकै कारणले यस पृथ्वी ग्रहको इतिहासमा पाप, दुःख, खराब तत्त्वहरूले रङ्गिनुपरेको थियो।

बाइबलभरि नै नैतिक आत्मनिर्णय वा स्वविवेक वास्तविक रूपमा प्रयोग गरेका विवरणहरू प्रस्तुत गरिएका छन्। *(व्यवस्था ७:१२, १३; यहोशू २४:१४; भजनसंग्रह ८१:११-१४ र यशैया ६६:४)*। हाम्रो जीवनको प्रत्येक दिन वा प्रत्येक क्षण हाम्रा सृष्टिकर्ताले दिनुभएको स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रतालाई हामीले प्रयोग गरिरहेका हुन्छौं। आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रताविना हामी मानव प्राणी हौं भनेर महसुस पनि गर्न सक्दैनौं। हामी केवल यान्त्रिक मानव वा आफ्नै दिमाग नभएको रोबोट जस्तै हुनेछौं।

**विश्वका विभिन्न उपकरणहरू आविष्कार गर्ने सोनी कर्पोरेसनले यान्त्रिक वा रोबोट कुकुरको सृजना गरेको थियो। त्यसको नाउँ एबु थियो। यो त साँच्चीकै कुकुरजस्तो नै थियो। यो बिरामी हुँदैनथ्यो, यसमा उपियाँ लाग्दैनथ्यो, यसले टोक्न सक्दैनथ्यो, यसलाई सुई लगाउनुपर्दैनथ्यो न त रौँ नै झर्दथ्यो। तर तपाईंको भौतिक कुकुरलाई त्यस एबुसँग साट्न चाहनुहुन्छ र? यदि चाहनुहुन्न भने परमेश्वरले जोखिम उठाएर नै हामीलाई आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रता दिएर किन सृष्टि गर्नुभएको होला भनेर राम्रोसँग कसरी बुझ्नुहुन्छ?**

# प्रेम र खराबी?

आफ्ना सृष्टिका जीवहरूद्वारा माया र प्रेम पाउन परमेश्वरले तिनीहरूलाई विवेक वा आत्मनिर्णयको स्वतन्त्रता दिएर सृष्टि गर्नु आवश्यक थियो। त्यस स्वतन्त्रता वा स्वेच्छालाई दुरुपयोग गर्दा त्योचाहिँ सबै खराबीहरूको स्रोत हुन पुगेको थियो। तैपनि धेरै प्रश्नहरू त हाम्रो सामु खडा नै छन्। केही समयको निम्ति भए तापनि परमेश्वरले खराबीलाई आउन दिनुभएको थियो। खराबी परमेश्वरको निम्ति अत्यन्तै घृणास्पद त थियो नै। तर जीवमा त्यो हुन नदिनुको अर्थ स्वेच्छाले प्रेम गर्ने क्षमतालाई नाश गर्नु हो। आदम र हव्वाले पाप गर्ने वित्तिकै तिनीहरूलाई नाश गर्दा मानव जीवनमा आवश्यक भएका स्वेच्छाको प्रेम र भरोसा राख्ने गुणलाई परिपक्व हुनुभन्दा अघि नै हानी गरिनेथियो।

"परमेश्वरको बारेमा गलत र भ्रम भावनाले गर्दा पृथ्वी अन्धकार भएको थियो। त्यस गलत धारणालाई निवारण गरेर पृथ्वीमा ज्ञानको ज्योति फैलाउन र मानव प्राणीलाई परमेश्वरतिर फर्काउन शैतानको छली शक्तिलाई नाश गर्नु आवश्यक थियो। परमेश्वरको बारेमा सही धारणा बलजफती वा दबाब दिएर, धम्काएर, मारेर उब्जाउन सकिँदैनथ्यो। बलजफती बल प्रयोग गरेर आफूतिर तान्ने नीति परमेश्वरको शासन प्रणालीका नीतिहरू विपरित थियो। आदेश दिएर वा हुकुमी शासन गरेर प्रेमलाई लाइ्न सकिँदैन। अख्तियार प्रयोग गरेर वा कर गरेर मानव प्राणीको मन जित्न सकिँदैन न त प्रेम नै पाउन सकिन्छ। प्रेमकै भावनाले प्रेरित भएर मानव हृदयमा प्रेम जगाउन सकिन्छ। परमेश्वरलाई चिन्नुको अर्थ उहाँलाई प्रेम गर्नु हो। शैतानको चरित्र विपरित परमेश्वरको सदचरित्रलाई प्रकट गर्नै पर्दछ।"–एलेन जी. ह्वाइट, द *डिजाएर अभ एजेज*, पृ. २२।

स्वेच्छा वा विवेकको स्वतन्त्रताविना प्रेम हुन सक्दैन। परमेश्वर आफै प्रेम हुनुहुन्छ। त्यसकारण, उहाँका सृष्टिका जीवहरूमा हुनुपर्ने प्रेमको वास्तविकतालाई परमेश्वरले बेवास्ता गर्न सक्नुहुन्न भन्ने कुरो स्पष्ट छ। सृष्टिका जीवहरूमा स्वेच्छाद्वारा प्रेम हुनुको विकल्प अरू थिएन। यदि हामीलाई पनि परमेश्वरजस्तै सुरुदेखि अन्त्यसम्मको कुरो थाहा भएको भए हामीमा भएको प्रेम गर्ने आत्मनिर्णयको स्वतन्त्रतालाई उहाँले खारेज गरेको हामी चाहँदैनौं होला। प्रेमविनाको कठपुतलीको संसारमा को बाँच्न चाहन्छ र?

पढ्नुहोस्: **रोमी ८:१८ र प्रकाश २१:१-५ पढ्नुहोस्। हाम्रो यस पृथ्वी ग्रहमा जतिसुकै दुष्ट तथा खराब तत्त्वहरूको बिगबिगी भए तापनि हामीप्रित परमेश्वरको हितमाथि भरोसा राख्न सक्छौं भनेर यी पदहरूले हामीलाई कसरी ढुक्क पार्न सक्छन्?**

अहिले हामी अन्धकारद्वारा वा दोषी चस्माले जे देखिरहेका छौं, त्यसले हामीलाई आततायी बनाइरहेको होला, तर परमेश्वरले सुरुदेखि अन्त्यसम्म सबै देख्न सक्नुहुन्छ। जब मानिसहरूले येशूमाथि विश्वास गर्छन् तब प्रतिज्ञा गरिएको अनन्त जीवनको परमआनन्दलाई तिनीहरूले उपभोग गरिरहेको दृश्य अहिले नै परमेश्वरले देख्नुहुन्छ। रोमी ८:१८ अनुसार, "हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन् वा सुहाउँदैन।" यो अचम्म पार्ने प्रतिज्ञामाथि भरोसा राख्न के हामीमा निष्ठा, आस्था वा विश्वास छ त?

परमेश्वरको शासन प्रणालीको पवित्र जग नै प्रेम भएकोले र हामीमा हुनुपर्ने स्वतः वा स्वेच्छाको अधिकार यति महत्त्वपूर्ण भएको कारणले त्यसबाट हामीलाई वञ्चित नगराउन उहाँ क्रूसमा पठाइनुहुनेछ भनेर येशूलाई थाहा थियो। त्यहाँ उहाँले महाकष्ट पाउनुहुनेछ भन्ने तथ्य त्रीएक परमेश्वरलाई थाहा थियो। तैपनि उहाँले हामीलाई त्यो स्वेच्छाको स्वतन्त्र दिनुभयो। उहाँलाई थाहा थियो कि त्यसको निम्ति उहाँले ठूलो मोल चुकाउनुपर्नेथियो। हाम्रो सामु यो निर्णायक तथ्यलाई हाम्रो दिमागमा राखिराख्नु किन अनिवार्य छ?

**हामीलाई परमेश्वरले स्वेच्छा वा आत्मनिर्णयको स्वतन्त्रता प्रदान गर्नुभएको कुरा ध्यानमा राखेर जे हुन्छ त्यो परमेश्वरकै इच्छाअनुसार भएको हो भन्ने मनस्थितिबाट हामी कसरी सुरक्षित हुन सक्छौं?**

**थप जानकारी:** एलेन जी. ह्वाइटको *पाट्रियार्कस् एण्ड प्रोफेटस्*, पृ. ३३-३४को "ह्वाइ वाज सिन परमिटेड?" भन्ने अध्याय पढ्नुहोस्।

"शैतानलाई स्वर्गबाट निकालिए तापनि परमेश्वरले उसलाई तत्काल नाश गर्नुभएन। प्रेमपूर्वक गरिएको सेवा मात्रै परमेश्वरलाई स्वीकार्य भएकोले उहाँको न्याय र उदारमा रहेको विश्वासमा परमेश्वरका जीवहरूको बफादारीता आधारित हुनु आवश्यकता छ। स्वर्गमा भएका र ब्रह्माण्डमा भएका अरू पृथ्वीहरूका जीवहरू पापको ज्यादतिको नतिजा बुझ्न तयार थिएनन्। यदि उहाँले शैतानलाई तत्काल नाश गर्नुभयो भने तिनीहरूले उहाँको न्यायप्रणालीलाई बुझ्न सक्दैनथे। यदि उहाँले शैतानमाथि तुरुन्तै कारबाही गरेर नाश गर्नुभयो भने उहाँका जीवहरूले उहाँलाई प्रेमले भन्दा त्रासले सेवा गर्नेथिए। त्यसले गर्दा धोखेवाजको प्रभावलाई पूरै नाश हुनेथिएन। परमेश्वरको खिलाफमा विद्रोह गर्ने मिजास पनि पूरै निर्मुल हुँदैनथ्यो। अनन्त युगसम्म सारा जगत्को हितको निम्ति शैतानका नीतिहरू पूर्ण विकसित हुन आवश्यक थियो। परमेश्वरको राज्यप्रणालीको विरुद्धमा उसले लगाएका आरोपहरूलाई सत्य आत्मज्ञानको ज्योतिले सबै जीवहरूले हेर्नु अनिवार्य थियो। त्यसले गर्दा तिनीहरूको सामु परमेश्वरको न्याय, दया र दश आज्ञा वा व्यवस्थाको चिरस्थायीतालाई सदाको निम्ति धरोहर भएर बस्न सकिन्थ्यो र तिनीहरूले उहाँको न्याय, प्रेम र अटल आज्ञाहरूप्रति कहिले पनि प्रश्न गर्नु आवश्यक हुँदैनथ्यो।

"सारा आउने युगहरूको निम्ति शैतानको विद्रोह पाठको निम्ति हुनुपर्नेथियो। यसले पापको स्वभाव र त्यसका भयानक नतिजाहरूको निरन्तर साक्षी भइरहनुपर्दथ्यो। परमेश्वरको स्वामित्वलाई बेवास्ता गर्ने शैतानका नीति वा उसले चलाउने प्रणालीहरू र त्यसको असरको नतिजा दुवै मानव प्राणी र स्वर्गदूतहरूमा कस्तो थियो भनेर सबैले हेर्नु आवश्यक थियो। परमेश्वरको राज्यप्रणालीचाहिँ उहाँले सृष्टि गर्नुभएको प्राणीहरूको सर्वहितको निम्ति सुरक्षित भएको प्रमाणमा त्यो सदा साक्षी भइरहनेछ। यसरी विद्रोहको भयानक प्रयोगशालाको इतिहासले सबै पवित्र जीवहरूलाई निरन्तर सुरक्षित पारिराख्नेछ। परमेश्वरको आज्ञा उल्लङ्घन गर्दा पाउने धोखाबाट तिनीहरू उम्किरहनेछन्। तिनीहरूले फेरि पाप नगर्न र त्यसबाट आउने दुःख र दण्डबाट बचाइराख्ने परमेश्वरको योजना पूरा हुनेछ।"–*पाट्रियार्कस् एण्ड प्रोफेटस्*, पृ. ४२,४३।

## छलफलको लागि प्रश्नहरू:

१. पापको मामिलामा परमेश्वरले न्योयोचित कारोबार गर्नुभएको बुझाउन "थियोदेसी" भन्ने धार्मिक सिद्धान्त वा विद्या शब्द कोरिएको छ। तर पाप वा खराबीको औचित्य ठिक भएको साबित गर्ने होइन। कोहीले स्वर्गमा यो भनेको कल्पना गर्नुहोस्, "ओहो, मेरै आँखाको अगाडि मेरो परिवारले किन यातना भोग्यो र मारियो भन्ने कुरो मैले अहिले बुझें। अब मलाई थाहा भयो। धन्यवाद येशू!" यो त अनौठो र हास्यास्पद नै मान्नुपर्दछ। परमेश्वर र शैतानको बीचमा भइरहेको भीषण द्वन्द्वको समाधान खराब वा शैतानले होइन परमेश्वर आफैले गर्नुहुनेछ भन्ने समझदारीमा हामी कसरी पुग्द सक्दछौं? (अध्याय ९को पाठ हेर्नुहोस्)।

२. के तपाईं अय्यूबजस्तो भएको कहिल्यै महसुस गर्नुभएको छ? तपाईं र तपाईंका प्रिय जनहरूको दुःख कष्टको औचित्य नै छैन वा त्यसको उचित व्याख्या नै छैन भनेर सोच्ने प्रलोभनमा तपाईं कहिल्यै पर्नुभएको छ? हामी पनि हामीमा उब्जिने ती प्रश्नहरूप्रति अनभिज्ञ छैनौं तर अय्यूबको "आफूले नबुझेको कुरो पो त मैले उच्चारण गरें" (अय्यूब ४२:३) भन्ने कुरा कसरी महसुस गर्न सक्छौं?

## अन्धकारमा आवाज

*लेखक:* आन्ड्रयु मेकचेस्ने

ग्रेस बाबकक राती अचानक उठिन्। त्यस बेला रिसाएको आवाज उनले सुनेकी थिइन्, "तिमीलाई थाहा छैन। तिमीले बुझ्दैनौ।"

ग्रेस डराएकी त थिइनन्। उनी अमेरिकाको होलब्रुक इन्डियन स्कुलमा शिक्षिकाको रूपमा काम गर्थिन्। उनी एउटा कोठामा मात्र बस्थिन्। राती उठ्नुपर्दा उनलाई रिस त उठेकै थियो। त्यो आवाजलाई उनले सुनिरहिन्।

त्यस आवाजले उनलाई भन्यो, "परमेश्वरले तिमीलाई पुतली खेलाएको जस्तै खेलाइरहनुभएको छ। तिमीलाई कति कुराहरू थाहा छैन। तिमीले परमेश्वरलाई आँखा चिम्लेर पछ्याइरहेका छौ। परमेश्वर निरङ्कुस हुनुहुन्छ।" अब त्यस आवाजले परमेश्वरलाई दोष दिइरहेको थियो। त्यो उनलाई मन परेन।

"जाउ, म तिमीसँग कुरा गर्न चाहन्न," उनले भनिन्। त्यो आवाज शान्त भयो। तर परमेश्वरलाई दिएको दोषले उनको मन भारी भएको थियो। उनले प्रार्थना गरिन्। त्यो आवाजको जवाफ परमेश्वरले नै दिऊन् भन्ने उनले सोचिन्। पछि परमेश्वरलाई दिएको दोषको बारेमा उनले प्रार्थना गरिन्। उनी चुपचाप सुतिन्।

भोलीपल्ट ग्रेस बाहिर एकान्त ठाउँमा गइन् जहाँ उनले सोच्न सक्थिन्। चट्टानमाथि बसेर परमेश्वरलाई दिएको दोषको बारेमा सोचिन्। शान्त वातावरण भएको थियो। राती भयो र उनी घर गइन्।

भोलिपल्ट उनी त्यस एकान्त ठाउँमा फेरि गइन्। फेरि शान्त भयो। उनी घरमा फर्किन्। "तिमीले ती प्रश्नका जवाफहरू पाउन आवश्यक छैन। तिमीमा विश्वास र भरोसाको आवश्यक छ," उनको कानमा कानेखुशी गरेको महसुस गरिन्।

"हो, यो सही हो कि मैले जवाफहरू पाउन आवश्यक छैन। तर तपाईं असल हुनुहुन्छ भन्ने कुरा म थाहा पाउन चाहन्छु। तपाईं असल हुनुहुन्छ कि मलाई थाहा छैन" उनले प्रार्थनामा भनिन्।

घरमा उनले शबाथ स्कुलको पुस्तक लिएर पढ्न थालिन्। त्यस बेला "माथि हेर" भन्ने आवाज उनले सुनिन्। त्यहाँ उनको पाँच कक्षाको विद्यार्थीले दिएको क्रूसको फोटो टाँगिएको थियो र त्यसमा यूहन्ना ३:१६का शब्दहरू कोरिएको थियो। "यो तपाईंले मेरो निम्ति गर्नुभयो। त्यसकारण तपाईं असल हुनुहुन्छ। तपाईं साँच्चीकै असल हुनुहुन्छ। म तपाईंमाथि भरोसा राख्न सक्छु। कतिपय प्रश्नहरू मलाई थाहा नभए तापनि म तपाईंमाथि विश्वास र भरोसा राख्न सक्छु।

